# दलित सशक्तिकरण कार्यक्रम
## (Dalit Empowerment Program)

# प्रस्तावना पत्र

**पेश गरिएको:**

**संघीय सरकार, महिला, बालवालिका तथा जेष्ठ नागरिक मन्त्रालय**

सिंहदरवार काठमाण्डौ नेपाल

**प्रस्तावना पत्र तयार गर्ने:**

**दलित मानव अधिकार निगरानी समिति, कपिलवस्तु**

**Dalit Human right Watch committee (DHRWC), Kapilvastu**

**Kapilvastu Municipality-2, Kapilvastu**

**समन्वय र सहकार्य:**

**राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल**

केन्द्रीय कार्यालय धनगढी ५ हसनपुर कैलाली

केन्द्रीय सम्पर्क कार्यालय सिंहदरबार नजिक हनुमानथान, काठमाण्डौ,

सम्पर्क नंबर : ९८४१०१२६०७, वेवसाइट: **www.rdnnepal.org.np**

ईमेल: **rdnnepal@gmail.com** र **info@rdnnepal.org.np**

**कार्यक्रमको संक्षित बिवरण:**

| | |
|---|---|
| कार्यक्रमको नाम | **दलित सशक्तिकरण कार्यक्रम (Dalit Empowerment Program)** |
| कार्यक्षेत्र | लुम्बीनी प्रदेशका सबै जिल्लाहरु र बिशेषगरी कपलिबस्तु जिल्लाका सम्पुर्ण स्थानिय तहहरु |
| कार्यक्रमको अवधी | १ बर्ष (२०८० असार १ गतेदेखि २०८० जेष्ठ ३० गतेसम्म) |
| लक्षित समुह | कार्यक्रमले प्रत्यक्ष रुपमा लुम्बीनी प्रदेशकादलितहरुलाई लक्षित गर्नेछ भने अप्रत्यक्ष रुपमा निति निर्माता, जननिर्वाचित प्रतिनिधीहरु लगायत बिभीन्न राजनितिक दलहरु, नागरिक समाज, पत्रकार, वकिल र मानव अधिकारकर्मीहरुलाई केन्द्रीत गर्नेछ । |
| लक्ष्य | सामाजिक साक्तिकरणको माध्यम द्वारा दलितहरुको आर्थिक, सामाजिक र सांस्कृतिक अवस्था सुधार ल्याउन बिभेदीकारी कुप्रथाहरु न्यूनिकरण गर्न योगदान पुर्याउने |
| उद्देश्यहरु | क) समाजमा ब्याप्त जातीय छुवाछूत र बिभेदको अन्त्य गर्नका लागि दलितहरुलाई संगठीत गर्दै सशक्तिकरणको गर्ने<br><br>ख) दलितहरुको आर्थिक र सामाजिक अधिकार सुनिश्चित गर्नका लागि राज्यद्धारा निर्माण गरिएका संबैधानिक र कानुनी प्रावधानहरुको ब्यापक प्रचार प्रसार गर्दै त्यसको प्रभावकारी कार्यान्वयनका लागि प्रमाणमा आधारित नितिगत वकालत गर्ने |
| क्रियाकलापहरु | क दलित जननिर्वाचित प्रतिनिधीहरुका लागि योजना तर्जुमा सम्बन्धी ३ दिने नेतृत्व बिकास तालिम<br>ख छुवाछूत मूक्त क्षेत्र घोषणा<br>ग दलित निगरानी केन्द्रको स्थापना तथा सवलीकरण<br>घ दलितहरुको जिल्ला सम्मेलन<br>ङ. दलितका सवालबारे निति निर्माता तथा सरोकारवाला निकायसंग प्रदेश स्तरिय अन्तरसंवाद कार्यक्रम<br>च दलित अधिकार यात्रा<br>छ प्रदेश स्तरिय दलित संसद<br>ज सञ्चार साँझेदारी अभियान<br>झ प्रतिबेदन प्रकाशन |
| पेश गरिएको निकाय | **संघीय महिला, बालवालिका तथा जेष्ठ नागरिक मन्त्रालय काठमाण्डौ** |
| कुल बजेट | **रु ५,०००,००० (अक्षेरुपी रु पचास लाख मात्र)** |
| सम्पर्क ब्यक्ति | **मीना परियार (अध्यक्ष)**<br>सम्पर्क नं.९८५७०५०२८८ (मोवाईल)<br>ईमेल: **diyalonp.kapilvastu@gmail.com** |

## १. सन्दर्भ तथा परिवेशः

नेपालको संविधानले सिद्धान्तः वि.सं. २००७ देखिका दलित आन्दोलनहरुका सबैखाले उपलब्धीहरुलाई संवैधानिक रुपमा संस्थागत गर्ने यूगिन काम गरेको छ । दलित मुद्दा नेपाली राजनीतिको एक स्वायत्त र संबोधन गर्नैपर्ने अनिवार्य केन्द्रीय मुद्दा बनेको छ । देशव्यापी रुपमा दलितहरु विभिन्न राजनितिक पार्टी तथा सामाजिक संघ/संगठनहरुमा संगठीत भएका छन्, राजनीतिक प्रक्रियाबाट हजारौं राजनीतिक नेता तथा कार्यकर्ताहरु जनप्रतिनीधिकारुपमा निर्वाचित भएका छन् । राज्यले संबोधन गर्नैपर्ने सामाजिक समूहका रुपमा स्थापित भएको छ ।

यही संविधानको कार्यान्वयनबाट इतिहासमा प्रथम पटक संघीय प्रतिनीधिसभामा १३ जना महिलासहित १९ जना, ७ वटै प्रदेशसभामा गरी २६ जना महिलासहित ३३ जना, राष्ट्रियसभामा ७ जना र स्थानीय तहमा ६५६७ दलित महिलासहित ७७ जिल्लाका जिल्ला समन्वय समितिमा ७ जना प्रमुख र ३ जना उपप्रमुख सहित ६३ जना दलित सदस्य, मेयर ६ जना, उपमेयर ११ जना, गाउँपालिका अध्यक्ष १ जना, उपाध्यक्ष १६ जना, वडा अध्यक्ष १९७ जना, वडा सदस्य ७९७ जना र उतिकै संख्यामा कार्यपालिका सदस्य दलितहरु निर्वाचित भएका छन् । संघीय मन्त्रीमण्डलमा एक जना भएपनि क्याविनेटस्तरको मन्त्री हुनुहुन्छ । यो सकारात्मक पक्ष हो । दलित जनप्रतिनीधिहरुको हरेक तहमा प्रतिनीधित्व छ, दलित नागरिक समाज तथा दलित जनसंगठनहरुको संयुक्तपहलकदमीको खाँचो रहेको छ ।

## २. दलित समस्या बिश्लेषणः

बिगत २३८ बर्ष देखि नेपालको बिकास केन्द्रीकृत शासन पद्धतीमा आधारित छ । उक्त शासन ब्यवस्थाले नेपालको जटील भौगोलिक बनावट र बहु आयामिक आर्थिक, साामाजिक, साँस्कृतिक ब्यवस्थाले गर्दा बिकास नभएको कुरा नेपाली जनता सामु दोष लगाउदै आएको तथ्य सबै सामु छलङ्गै छ । नेपाली जनताको सोझोपनाको फाईदा उठाएर उच्च जात तथा सामन्त बर्गहरुले एकात्मक शासन पनि गर्दै आएका छन । हाल सम्म नेपालमा एउटै बर्ग र जातका मानिसहरुले शासन गर्दै आएकाले त्यसको परिणाम स्वरुपः जनतामा असन्तोष पैदा भएको छ । आजको संसारमा स्वतन्त्रता पूर्वक बाँच्न पाउनु नै आधारभूत मानव अधिकार हो । तर आज २१ औ शताब्दिमा आईपुग्दा पनि केही नेपालीहरु आधारभूत अधिकार प्राप्त गर्नबाट पनि बन्चित भईरहेका छन् ।

खासगरी लुम्बीनी प्रदेशको बिभीन्न क्षेत्रका केही जिल्लामा आज पनि दलितहरु भोकमरी, गरिवी, अशिक्षासंग जुध्दै दलितहरु स्वतन्त्रता प्राप्तिका लागि लडिरहेका छन् । यसबाहेक उनीहरुले अन्य सामाजिक तथा साँस्कृतिक उत्पीडन, आर्थिक बन्चितिकरण, जातमा आधारित गरिने भेदभाव, शिक्षामा पहुँचहिनता, चर्को ब्याजदर, भूमिमा पहुँचहिनता, नीति निर्माणको तहमा पहुँच हिनता, रोजगारीको अवसरमा पहुँचहिनता, परम्परागत पेशाबाट बिस्थापन, उच्च श्रमको शोषण, उच्च जनसंख्या बृद्धिदर, आत्मविश्वासको कमी, राज्यको कानून र नीति नियमको अनविज्ञता, मानबअधिकार सम्बन्धि प्रावधानको अनविज्ञता लागायतका समस्याहरु भोगिरहेका छन् ।

दलितहरुको सवाल दलितसमुदायप्रतिको विभेद, भुमिहिनता तथा चरम गरिबीका साथै विभेदमा आधारित बाध्यकारी श्रम सम्बन्ध पनि रहेको छ । उनीहरुको आर्थिक तथा सामाजिक अवस्थामा सुधार

ल्याउनका लागि स्थानीय सरकार र स्थानीय गैससहरुले केही विकासका कार्यक्रमहरु सञ्चालन गरेका छन् । यद्यपी ती कार्यक्रमहरुले दलित समुदायको सामाजिक र आर्थिक अवस्थामा रुपान्तरण ल्याउन सकेको छैन ।

## ३. संस्थाको परिचयः

**दलित मानव अधिकार निगरानी समितिको परिचयः** दलित मानव अधिकार निगरानी समिति (DHRWC) दलित महिल, पछाडीपारिएको समुदाय, अल्पसंख्यक समुदायको हक अधिकार संरक्षण, प्रवर्द्धन र विकासका लागि प्रतिवद्ध एउटा गैर–सरकारी संस्था हो । यसले ति समुदायहरुको हक अधिकार स्थापित गर्न आन्दोलन र अभियानहरुमा प्रतिबद्ध रहन, संस्थाको छवि जोगाइ राख्न तथा राम्रो बनाउन संस्थाले लिएको उद्देश्यहरु पूरा गर्नका निम्ति यो प्रथम ५ वर्षे रणनीतिक योजना निर्माण गरी जारी गरिएको छ । यो रणनीतिक योजना संस्थाको सबै तहका कार्यसमितिका पदाधिकारी एवं सदस्यहरु, साधारण तथा सक्रिय सदस्यहरु, संस्था अन्तरगतका सबै कर्मचारीहरु एवं स्वयमसेवकहरू बीचका पारस्परिक सम्बन्ध, संस्थाले काम गर्ने दिशानिर्देशकको रुपमा अंगिकार गर्नु पर्ने संस्थाले तय गरेको उद्देश्यहरु हासिल गर्न यो संस्था क्रियाशिल छ . ।

### परिकल्पना (Vision):

- बालश्रम शोषण,विभेद रहित मानव अधिकारको संरक्षण सहितको समातामुलक समाजको सृजना गर्ने ।

### ध्येय (Mission):

- मानव अधिकारको संरक्षण,वालश्रम शोषणको निवारण, समाजमा रहेको सवैखाले विभेदको अन्त्यका लागि वकालत गर्दे राज्यको मुल प्रवाह वाट वन्चित समुदायको जिविकोपार्जनमा टेवा पुरयाउने ।

### लक्ष्य (Goal):

- राज्यको मुल प्रवाह वाट वन्चित तथा शोषणमा परेका वर्ग तथा समुदायलाई आर्थिक,समाजिक,साँस्कृतिक, शैक्षिक र राजनितीक रुपमा सशक्तिकरण गर्दै उनीहरुको न्यायमा पहुचँ पुरयाउन,अधिकार सुनिश्चित गर्नका लागि पैरवी गर्ने

### उद्देश्यहरु (Objectives):

१. जातिय बिभेद, छुवाछुत, शोषण एवं सामाजिक कुरिति विरुद्ध जनवकालत गरी आधारभूत मानव अधिकारको संरक्षण र संवर्धन गर्ने ।

२. मानव अधिकार हननका घटनाहरुको अनुगमन गर्ने, र सरोकारवाला निकायको ध्यान आकर्षण गराउने

३. आर्थिक, सामाजिक, सांस्कृतिक तथा शैक्षिक क्षेत्रमा पछाडी पारिएका समुदायको सशक्तिकरण गर्ने र पिडितलाई निशुल्क, कानुनी प्रामर्श, सल्लाह, सहायता प्रदान गर्ने

४. गरिब, दलित, महिला, पछाडिपारिएका वर्ग, अपाङ्गता भएको व्यक्ति, बेरोजगार युवा वर्गहरुलाई सीपमूलक तालीम प्रदान गरी आत्मनिर्भर बन्नमा सहयोग पुऱ्याउने साथै राष्ट्रलाई आवश्यक पर्ने दक्ष जनशक्तिहरु उत्पादन गर्ने ।
५. बालमैत्री वाताबरण तथा लैङ्गिक समानतामा बिषेश जोड दिने ।
६. शिक्षामा सबैको पहुँच, स्वास्थ्य तथा सरसफाई कार्यक्रमका लागी अभियान सञ्चालन गर्ने ।
७. स्थानिय स्रोतसाधन तथा श्रम र सीपको उच्चतमा सदुपयोग गरि आर्थिक शसक्तिकरणमा जोड दिने

**राष्ट्रिय दलित नेटवर्क (RDN) नेपालको परिचय :**राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल मुलुकमा दलितअधिकारका लागि चलेका विभिन्न आन्दोलनहरुको एकीकृत आन्दोलन, धेरै लक्ष्यहरुको एउटै लक्ष्य, धेरै योजनाहरुको एउटै योजना, धेरै नीति तथा कार्यक्रमहरुको एउटै नीति तथा कार्यक्रम, धेरै संगठनात्मक स्वरुपहरुको एउटै संगठन, धेरै अवधारणाहरुको साझा अवधारणा र साझा भावनाका साथ एकीकृत आन्दोलनका रुपमा स्थापित मानवअधिकारमुखी पद्धतिमा विश्वास राख्ने दलित एक्टिभिष्टमा आधारित जनसंगठन हो । नेपाली दलित समुदायका राजनीतिक, आर्थिक र सामाजिक/सांस्कृतिक समस्याहरुको एकीकृत रुपमा समाधान गर्न सृजनात्मक दवाव दिने उद्देश्यले वि.स. २०५७ भाद्र ६ गतेका दिन यसको स्थापना भएको थियो । राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल दलितहरुको मानवअधिकार र सामाजिक न्यायका क्षेत्रमा कार्यरत देशभरिका दलित एक्टीभिष्टहरुको साझा नेटवर्क अर्थात जनसंगठन हो । २०६० सालमा औपचारिक रुपमा जिल्ला प्रशासन कार्यालय कैलालीमा दर्ता भई त्यही साल समाज कल्याण परिषदमा आवद्ध भएको हो । शुरुमा सुदूरपश्चिममा कार्यक्षेत्र बनाउने गरीस क्षेत्रीय दलित नेटवर्कका नामबाट दर्ता भएको भएपनि पछि राष्टव्यापी रुपमा काम गर्ने गरी नाम संशोधन भई मिति २०६३/१/३१ गतेदेखि राष्ट्रिय दलित नेटवर्क (Rastriya Dalit Network-RDN) नेपालको रुपमा परिवर्तन गरियो । स्थापनाका दुई दशकसम्म आइ पुग्दा यो संगठन देशका ७७ वटै जिल्लाहरु, ७ वटै प्रदेशहरुमा, दर्जनौ ऐक्यबद्धतापूर्ण संजाल तथा नेटवर्कहरुमा र कतिपय दक्षिण एशियाली एलाइन्स तथा संगठनहरुसंग आवद्धता हासिल गर्न सफल भएको छ ।

RDN नेपालले दलित एक्टीभिष्टमा आधारित जनसंगठनको हैसियतमा स्थापनाको पहिलो चरणमा सुदूर तथा मध्यपश्चिमको जर्जर जातीय छुवाछुत र विभेदका विरुद्ध मानवअधिकारमुखी अभियान संचालन गर्दै त्यस क्षेत्रका मुद्दाहरुको राष्ट्रियकरण गर्ने साहसिक काम गऱ्यो । छुवाछूतमुक्त राष्ट्र घोषणाको अभियान RDN नेपालको स्थापनाको नारा थियो । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मंचहरुसँग आबद्ध भई दलितअधिकार आन्दोलन, मानवअधिकार आन्दोलन, भूमिअधिकार आन्दोलन, प्राकृतिक स्रोतको आन्दोलनलगायतका मूल प्रवाहका आन्दोलनहरुमा एकाकार भई नेतृत्वदायी भूमिका निर्वाह गर्न सफल भयो । भने मुलतः संविधान निर्माणमा सम्पूर्ण शक्तिकासाथ सहभागी हुनु, राज्यपुनःसंरचनाको वहसमा आज प्रयन्त क्रियाशील रहनु, नेपाली समाजमा सामयिक महत्वका दस्तावेजहरुको प्रकाशनलगायतका कामहरु गर्दै देशका ठूलाठूला नागरिक संगठनहरुसंगको सहकार्यमा ऐक्यबद्धता आन्दोलनहरुको सहजकर्ताको रुपमा रहदै देशव्यापीरुपमा आफ्नो र आफ्नो विचारको उपस्थितिकासाथ अब्बल नागरिक संगठनका रुपमा स्थापित गरेको छ ।

**RDN नेपालको परिकल्पना (Vision) :**

- जातीय छुवाछूत तथा सबैप्रकारका विभेद रहित न्यायपूर्ण समाजको स्थापना ।

**RDN नेपालको ध्येय (Mission) :**

- स्कूल अफ दलित एक्टिभिष्टको रुपमा स्थापित गर्दै दलित जनसंगठनमार्फत राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रमा एकीकृतरुपमा अधिकार कायम गर्ने ।

**RDN नेपालको लक्ष्य (Goal)**

१. दलित समुदायले गर्ने मुफ्त वा निम्न ज्यालायुक्त श्रम हरेक हिसाबले प्रतिवन्धित/दण्डित हुन्छ अनि मानव श्रमको न्यायोचित मूल्य दिने-दिनै पर्ने उत्पादन प्रणाली र राजनीति स्थापित गर्नु ।
२. मानवश्रम र श्रमिकवर्ग समाजमा अत्यधिक आदरणीय हुने र काम नगर्ने मानिस र काम गर्ने मानिसलाई "अछुत" ठान्ने मानिस चाहिँ अपहेलित र दण्डित हुने श्रम र श्रमिकप्रधान संस्कृति र राजनीति समाजमा स्थापित गर्नु ।
३. जोतिरहेको जमीनमा र उत्पादनका अन्य साधनस्रोत र सम्पत्तिमा, शिक्षा र विकासका तमाम अवसरमा काम गर्ने श्रमिकको न्यायोचित हिस्सेदारी कानुनतः र व्यवहारतः सुनिश्चित गर्नु ।
४. शासन गर्ने, कानुन बनाउने र नीति निर्णय गर्ने हरेक ठाउँमा उत्पीडित दलितहरु, तमाम श्रमिकहरु सही अनुपातमा पुग्ने व्यवहारिक स्थिति बनाउनु ।

**RDN नेपालका मूल्य र मान्यताहरु (Values):**

**<u>RIGHTS :</u>**

**R :- Respect (मानव मर्यादा)**
**I :- Integrity (निष्ठा, इमान्दारीता)**
**G :- Governance (सुशासन)**
**H :- Human Rights (मानवता)**
**T :- Transparency (पारदर्शिता)**
**S :- Solidarity (ऐक्यवद्धता)**

**RDN नेपालका उद्देश्यहरु (Objectives) :**

१) दलितहरुको पहिचान, प्रतिनीधित्व र पहुँच सहित राजनीतिक, आर्थिक र सामाजिक अधिकारहरु स्थापित गर्नु ।
२) समावेशी र समृद्ध दलितमैत्री राष्ट्र निर्माणको लागि दलितअधिकार दशक घोषणा गरी इण्डीकेटर सहित जिविकोपार्जन सहित योजनाबद्ध योजना निर्माणमा जोड दिनु ।
३) नयाँ संविधान अनुसार दलितअधिकार संरचनाहरुलाई उत्तरदायी, पारदर्शी, जवाफदेही बनाउन भूमिका निर्वाह गर्नु ।
४) आवधिक वैज्ञानिक आरक्षणका लागि राज्यका सार्वजनिक सेवाका क्षेत्रहरुको लोकतान्त्रिककरणका लागि सहजीकरणका लागि राष्ट्रव्यापी अभियान सञ्चालन गर्नु ।

५) दलितअधिकारको व्यवहारिक कार्यान्वयनका लागि स्थानीय, राष्ट्रिय र अन्तराष्ट्रिय तहमा हस्तक्षेपकारी भूमिका निर्वाह गर्नु ।

## ४. कार्यक्रमको औचित्यत्ताः

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संस्थागतिकरण गर्नका लागि नेपालको संविधान अनुसार तिनवटै तहको निर्वाचन सम्पन्न भई मुलुक नयाँ संरचनाकासाथ सामाजिक न्याय सहितको समृद्धिको यात्रामा अघि बढेको छ । दलित समुदायमा आएको उच्चस्तरको चेतनाले व्यक्तिगत, सामुदायिक र सामाजिक तहमा परिवर्तन हुने अवसर आएको छ । स्थानीय र प्रादेशीक सरकार आफ्ना संवैधानिक अधिकार प्रयोग गरी सामाजिक, आर्थिक र भौतिक पूर्वाधारको क्षेत्रमा सुधार ल्याउँदै जनताको मन जित्ने अभियानमा देखिन्छ ।

यस्तो ऐतिहासिक अवसरमा दलित आन्दोलन आफ्ना नयाँ योजनासहित अझ सशक्त नहुने हो भने सात दशकसम्म लडेर ल्याएका संविधानमा भएका ऐतिहासिक उपलब्धीहरु विना कार्यान्वयन संविधानमै सीमित हुनेछन् । त्यसकारण सरकारी सेवा र श्रोतहरुमा दलितहरुको पहुँच बृद्धी गर्नका लागि स्थानिय स्तरका दलित जनप्रतिनिधीहरुको क्षमता अभिबृद्धी गरि सिमान्तकृत र बंचितीकरणमा पारिएका दलित समुदायहरुलाई बिकासको मुल प्रवाहमा ल्याउनु आजको आवश्यकता हो ।

## ५. कार्यक्रमको बिवरणः

**५.१ कार्यक्षेत्रः** लुम्बीनी प्रदेशका सबै जिल्लाहरु र बिशेषगरी कपलिबस्तु जिल्लाका सम्पुर्ण स्थानिय तहहरु

**५.२ लक्षित समुहः** कार्यक्रमले प्रत्यक्ष रुपमा लुम्बीनी प्रदेशका दलितहरुलाई लक्षित गर्नेछ भने अप्रत्यक्ष रुपमा निति निर्माता, जननिर्वाचित प्रतिनिधीहरु लगायत बिभीन्न राजनितिक दलहरु, नागरिक समाज, पत्रकार, वकिल र मानव अधिकारकर्मीहरुलाई केन्द्रीत गर्नेछ ।

**५.३ कार्यक्रमको समयावधीः** १ बर्ष (२०८० असार १ गतेदेखि २०८० जेष्ठ ३० गतेसम्म)

**५.४ कार्यक्रमको लक्ष्यः** सामाजिक साक्तिकरणको माध्यमद्धारा दलितहरुको आर्थिक, सामाजिक र सांस्कृतिक अवस्था सुधार ल्याउन विभेदीकारी कुप्रथाहरु न्यूनिकरण गर्न योगदान पुर्याउने

**५.५ कार्यक्रमका उद्देश्यहरुः**

क) समाजमा ब्याप्त जातीय छुवाछूत र बिभेदको अन्त्य गर्नका लागि दलितहरुलाई संगठीत गर्दै सशक्तिकरणको गर्ने

ख) दलितहरुको आर्थिक र सामाजिक अधिकार सुनिश्चित गर्नका लागि राज्यद्धारा निर्माण गरिएका संबैधानिक र कानुनी प्रावधानहरुको ब्यापक प्रचार प्रसार गर्दै त्यसको प्रभावकारी कार्यान्वयनका लागि प्रमाणमा आधारित नितिगत वकालत गर्ने

### ५.६ कार्यक्रमका लागि प्रस्तावित क्रियाकलापहरु:

**क) दलित जननिर्वाचित प्रतिनिधीहरुका लागि योजना तर्जुमा सम्बन्धी ३ दिने नेतृत्व बिकास तालिमः** सरकारी सेवा र श्रोतहरुमा दलितहरुको पहुँच बृद्धी गर्नका लागि स्थानिय स्तरका दलित जनप्रतिनिधीहरुको क्षमता अभिबृद्धी गरि सिमान्तकृत र बंचितीकरणमा पारिएका दलित समुदायहरुलाई बिकासको मुल प्रवाहमा ल्याउनका लागि कपिलबस्तु जिल्लाका सम्पुर्ण **दलित जननिर्वाचित प्रतिनिधीहरुका लागि योजना तर्जुमा सम्बन्धी ३ दिने नेतृत्व बिकास तालिम** को आयोजना गरिनेछ ।

**ख) छुवाछूत मूक्त क्षेत्र घोषणाः** जातीय छुवाछूत तथा बिभेद अन्त्य गर्नका लागि स्थानिय गाऊँपालिका तथा नगरपालिकासंग समन्वय गरी छुवाछुत मुक्त अभीयान सञ्चालन गरीनेछ यो अभियान सञ्चालनका लागी कपिलबस्तु जिल्लाका कुनै ५ वटा गाऊँपालिका तथा नगरपालिका स्तरमा छुवाछुत मुक्त अभीयान घोषणा आयोजक समिति गठन गर्न सकीनेछ यस समिति को आयोजनामा **जातीय छुवाछुत मुक्त गाऊँपालिका तथा नगरपालिका घोषणा** गरिनेछ । साथै जातीय विभेद बिरुद्धको कानुन सँग सबन्धीत, **जातिय भेदभाव तथा छुवाछुत कसुर र सजाय ऐन २०६८** बारे जनचेतना फैलाउनका लागि पोष्टर, पम्पलेटहरुको ब्यापक प्रचार प्रसार सहित अभीयान सञ्चालन गरीने छ ।

**ग) दलित निगरानी केन्द्रको स्थापना तथा सवलीकरणः** समाजमा विधमान छुवाछुत अन्त्य गर्न, समाजमा जनचेतना जगाउन, राज्यद्धारा निर्माण गरिएका कानुनहरुको प्रभावकारी कार्यान्वयनका लागि स्थानिय सरकारसंगको समन्वयमा कपिलबस्तु जिल्लाका १० स्थानिय स्तरमा दलित निगरानी केन्द्रको स्थापना गरि त्यसको सवलीकरण समेत गरिनेछ । दलित निगरानी केन्द्रहरुको कार्यसञ्चालन तथा सवलीकरणका लागि कार्यसञ्चालन निर्देशिका समेत निर्माण गरिनेछ ।

**घ) दलितहरुको जिल्ला सम्मेलनः** स्थानिय जनप्रतिनिधी, माननीय प्रदेशसभा सदस्यहरु, बिभीन्न राजनितिक दलका नेताहरु, विभिन्न संघ संस्थाका प्रतिनिधिहरु, सरकारी निकायका प्रमुखहरु र मधेसी दलितहरुको सहभागितामा कपिलबस्तु जिल्लाको सदरमुकाममा २ दिने दलितहरुको जिल्ला सम्मेलन आयोजना गरिनेछ । साथै उक्त सम्मेलनमा दलितहरुको समसामयिक राजनितिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्थाका बारेमा ब्यापक छलफल गरिनेछ । सो सवालमा सम्बन्धित बिषय बिशेषज्ञद्धारा कार्यपत्रहरु प्रस्तुत गरिनेछ । यस सम्मेलनमा कपिलबस्तु जिल्ला भरीका करिव ५०० दलितहरुको सहभागिता रहनेछ भने सम्मेलनको अन्त्यतिर कपिलबस्तु घोषणा पत्र जारी गरिनेछ ।

**ङ.) दलितका सवालबारे निति निर्माता तथा सरोकारवाला निकायसंग प्रदेश स्तरिय अन्तरसंवाद कार्यक्रमः** दलितहरुका राजनितिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारबारे निति निर्माता

तथा सम्बन्धित सरोकारवाला निकायलाई सचेतीकरण गर्नका लागि लुम्बीनी प्रद्शको राजधानी बुटवलमा १ दिने अन्तरसंवाद कार्यक्रमको आयोजना गरिनेछ । उक्त कार्यक्रममा बिषय बिशेषज्ञद्धारा कार्यपत्र प्रस्तुत गरिनेछ । सो कार्यपत्रको आधारमा बिभीन्न सवालमा छलफल गरिनेछ । दलितहरुको राजनितिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सुनिश्चित गराउनका लागि निति निर्माता तथा सरोकारवाला निकायबाट प्रतिबद्धता समेत ब्यक्त गरिनेछ । उक्त अन्तर संवाद कार्यक्रममा लुम्बीनी प्रदेशका सबै जिल्लाका दलितहरु र सरोकारवाला निकाय लगायत जम्मा ५० जनाको सहभागिता रहनेछ ।

**च**) **दलित अधिकार यात्राः** नेपालको लुम्बीनी प्रदेश अन्तरगत सबै  जिल्लाबाट १०० जनाको सहभागिता हुने गरि संबैधानीक र कानुनबारे ब्यापक जनचेतना जगाउन र सो कानुनहरुको प्रभावकारी कार्यान्वयनका लागि दबाव श्रृजना गर्ने उद्देश्यले ४ दिने दलित अधिकार यात्राको आयोजना गरिनेछ । उक्त यात्रामा मधेसी दलित एक्टिभिष्ट र अन्य नागरिक समाजका प्रतिनिधिहरुको समेत सहभागीता रहनेछ । उक्त कार्यक्रमलाई थप प्रभावकारी बनाउनका लागी नागरिक समाज विकास संस्थाहरु, पत्रकार, मानवअधिकारवादी संघसंस्थाहरु, समाजिक अभियानकर्मिहरुसंग समन्वय र नेठवर्कीङ गरिनेछ । सो यात्रा पर्साबाट शुरु भई सप्तरीसम्म आयोजना गरिनेछ । दलित अधिकार यात्राको प्रभावकारीतालाई सुनिश्चित गर्न समय निर्धारण सहित निश्चित कार्यतालिका निर्माण गरिनेछ । सो यात्रामा १० औ हजार दलितहरु लगायत बिभीन्न सरोकारवाला निकायहरु परिचालन गरिनेछ ।

**छ**) **प्रदेश स्तरिय दलित संसदः** दलितहरुका जल्दा वल्दा सवालहरुको राष्ट्रिय तथा अन्तर्राष्ट्रियकरण गरी ब्यापक नीतिगत दबाब सृजना गर्न प्रादेशिक स्तरिय दलित संसदको आयोजना गरिनेछ । दलितहरुका समस्याहरु राख्ने थलोका रुपमा यस सांकेतीक संसदलाई पहिचान गरिनेछ । सो कार्यक्रममा दलितहरुको स्थान जनसंख्याका आधारमा समानुपातिक होस् भन्ने कुराको दबाब सहित यो कार्यक्रमलाई लिन सकिनेछ । संसदको उदघाटन सत्रको पुर्वसन्ध्यामा बृहत ऱ्यालीको आयोजना गर्ने, दलित आन्दोलनको समिक्षा र आगामी कार्य दिशाका बारेमा छलफल गरी घोषणा पत्र जारी गरिनेछ । सो कार्यक्रममा राजनीतिक दलित जनसंगठन, अन्य अधिकारमुखी संघ/संस्थाहरु तथा शुभचिन्तक संस्थाहरुको उपस्थितिमा सिंगो दलित आन्दोलनको साझा मंच बनाईनेछ । यस बैकल्पीक संसदमा लुम्बीनी प्रदेशका सबै जिल्लाहरुबाट करीव ३०० जनाको उपस्थिति रहनेछ ।

**ज**) **सञ्चार साँझेदारी अभियानः** दलितहरुको सवालहरुवारे सूचना सम्प्रेषण गर्ने उद्धेश्यले दलित मानव अधिकार निगरानी समिति (DHRWC) ले लुम्बीनी प्रदेशका सबै जिल्लाहरुमा संचार साँझेदारी कार्यकम सञ्चालन गर्नेछ । मीडियाको परिचालनद्धारा ग्रामणि क्षेत्रका सवालहरु सम्प्रेषण गरिनेछन् र निति निमार्णकर्तालाई दवाव श्रृजना हुनेछ ।

**झ**) **प्रतिबेदन प्रकाशनः** दलितहरुको संत्रैधानिक तथा कानुनी प्रावधानबारे आम जनचेतना जागरण गर्नका साथै समग्र रुपमा दलित सशक्तिकरण कार्यक्रमको उपलब्धीहरु, चुनौती र सिकाईलाई अधिकारवाला र सरोकारवालाहरु समक्ष सम्प्रेषण गर्ने उद्देश्यले राष्ट्रिय दलित नेटवर्क (RDN) नेपालले  ५०० प्रति प्रतिवेदनहरु प्रकाशन गर्नेछ ।

### ५.७ कार्यक्रम कार्यान्वयन रणनिति:

- संबैधानिक तथा कानुनी प्रावधानहरुको प्रभावकारी कार्यान्वयनका लागि निति निर्माता, जननिर्वाचित प्रतिनिधीहरु, बिभीन्न मन्त्रालयमा लबिङ्ग तथा जनवकालत गर्ने
- सवालमा आधारित नागरिक विकास संस्थाहरु दलित गैरसरकारी संस्था महासंघ, राष्ट्रिय दलित नेटवर्क नेपाल, नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ, दलित महिला संघहरुसंग समन्वय तथा सहकार्य गर्ने
- महिला, बालवालिका र जेष्ठ नागरिक मन्त्रालयबाट कार्यक्रम स्विकृत भए पछि सो कार्यक्रमलाई सम्बन्धित स्थानिय निकायहरुलाई जानकारी गराउने
- दलितहरुको सवालहरुलाई नितिगत तहको प्रभावका लागि सवालगतको सूक्ष्म र वृहत अन्तर सम्वन्ध निर्माण गर्ने ।

### ५.८ कार्यक्रम कार्यान्वयन योजना:

| क.स. | क्रियाकलापहरु | समय अवधी १ बर्ष (२०८० असार देखि २०८० जेष्ठ गतेसम्म) | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ११ | १२ | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
| क | दलित जननिर्वाचित प्रतिनिधीहरुका लागि योजना तर्जुमा सम्बन्धी ३ दिने नेतृत्व बिकास तालिम | ■ | | | | | | | | | | | |
| ख | छुवाछूत मूक्त क्षेत्र घोषणा | | | | ■ | ■ | ■ | ■ | ■ | | | | |
| ग | दलित निगरानी केन्द्रको स्थापना तथा सवलीकरण | | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ |
| घ | दलितहरुको जिल्ला सम्मेलन | | | | | ■ | | | | | | | |
| ङ. | दलितका सवालबारे निति निर्माता तथा सरोकारवाला निकायसंग प्रदेश स्तरिय अन्तरसंवाद कार्यक्रम | | | | | | ■ | | | | | | |
| च | अधिकार यात्रा | | | | | | | ■ | | | | | |
| छ | प्रादेशि स्तरिय दलित संसद | | | | | | | | | ■ | | | |
| ज | सञ्चार साँझेदारी अभियान | | | | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ |
| झ | प्रतिबेदन प्रकाशन | | | | | | | | | | | | ■ |

### ६. कार्यक्रमको ब्यवस्थापन:

दलित सशक्तिकरण कार्यक्रमको समग्र व्यवस्थापन दलित मानव अधिकार निगरानी समिति (DHRWC) र राष्ट्रिय दलित नेटवर्क (RDN) नेपालद्धारा संयुक्त रुपमा गरिनेछ। कार्यक्रमको प्रभावकारी

व्यवस्थापनलाई नतिजामूलक बनाउन ,समीक्षा र कार्यक्रमलाई दिशा निर्देश गर्न परियोजना व्यवस्थापन समिति गठन गरिनेछ । दलित मानव अधिकार निगरानी समिति (DHRWC) ले कार्यक्रम कार्यान्वयन गर्न पेशागत व्यक्तित्वहरुको छुट्टै समुह नियुक्त गर्नेछ जसमा कार्यक्रम संयोजक , लेखा अधिकृत लगायत दलित एक्टिभीष्टहरु नियुक्त गर्नेछ । कार्यक्रमको व्यवस्थापनका लागि महिला, बालवालिका र जेष्ठ नागरिक मन्त्रालय लगायत स्थानिय सरकारसंग समेत समन्वय गरिनेछ ।

## ७. अनुगमन तथा मुल्याकंन र सञ्चारः

दलित मानव अधिकार निगरानी समिति (DHRWC) ले कार्यक्रम शुरु भएको ३ महिना भित्रै अनुगमन तथा मुल्याकंन योजना पनि तयार गर्नेछ । अनुगमन पद्धति अनुगमन तथा मुल्याकंन योजना अनुसार हुनेछ अनुगमन तथा मुल्याकंन योजना कार्यक्रमको कार्यानवयन गरिनेछ । कार्यक्रम कार्यान्वयनमा आएका चुनौति सिकाई उपलब्धीहरुको समआलोचनात्मक समिक्षा गर्न प्रत्येक ३/३ महिनामा समिक्षा बैठक आयोजनामा गरिनेछ ।

## ८. संयोजन तथा सहकार्यः

विभिन्न सरोकारवाला निकायहरु तथा कार्यक्रमहरुसंग समन्वय गरी कार्यक्रमलाई प्रभावकारी एवं परिणाममुखी बनाउन सकिन्छ भन्ने कुरामा दलित बिकास मञ्च विश्वास राख्दछ । निश्चित रुपमा कार्यक्षेत्रका जिल्लाहरुमा दलित समुदायको अधिकार र विकासका लागि अन्य संघ/संस्थाहरु, राजनितिक दलहरु, नागरिक समाज, समुदायमा आधारित संस्थाहरु, जननिर्वाचित प्रतिनिधीहरुसंग पनि सहकार्य गरिनेछ । राज्यको संरचनात्मक रुपान्तरणको माध्यमबाट सो प्रकृयामा दलित समुदायलाई समाहित गर्न राजनितिक दलहरु र स्थानिय जननिर्वाचित प्रतिनिधीहरुसंगको समन्वय पनि प्रभावकारी बनाईनेछ । कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागी दलित मानव अधिकार निगरानी समिति (DHRWC) का अध्यक्ष श्री मीना परियारले कार्यक्रम अवधीभर आफनो ४० प्रतिसत यस कार्यक्रममा केन्द्रीत गर्नु हुनेछ ।

## ९. कार्यक्रमको प्रस्तावित बजेटः

| क्र.स. | क्रियाकलापहरु | ईकाई | परिमाण | दर (रु) | जम्मा रकम(रु) |
|---|---|---|---|---|---|
| **कार्यक्रम खर्च** | | | | | |
| क | दलित जननिर्वाचित प्रतिनिधीहरुका लागि योजना तर्जुमा सम्बन्धी ३ दिने नेतृत्व बिकास तालिम | पटक | १ | ३५०,००० | ३५०,००० |
| ख | छुवाछूत मूक्त क्षेत्र घोषणा | स्थान | ५ | १५०,००० | ७५०,००० |
| ग | दलित निगरानी केन्द्रको स्थापना तथा सवलीकरण | स्थान | १० | ५०,००० | ५००,००० |
| घ | दलितहरुको जिल्ला सम्मेलन | पटक | १ | ५००,००० | ५००,००० |
| ङ. | दलितका सवालबारे निति निर्माता तथा सरोकारवाला निकायसंग प्रदेश स्तरिय | पटक | १ | २००,००० | २००,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | अन्तरसंवाद कार्यक्रम | | | | |
| च | दलित अधिकार यात्रा | पटक | १ | ७००,००० | ७००,००० |
| छ | प्रादेशि स्तरिय दलित संसद | पटक | १ | ५००,००० | ५००,००० |
| ज | सञ्चार साँझेदारी अभियान | ब्यक्ति | १० | ३०,००० | ३००,००० |
| झ | प्रतिबेदन प्रकाशन | प्रति | ५०० | ४० | २००,००० |
| | **जम्मा रकम** | | | | **४,०००,०००** |
| **कार्यक्रम ब्यवस्थापन खर्च** | | | | | |
| क | कार्यक्रम संयोजक | महिना | १२ | २०,००० | २००,००० |
| ख | लेखा अधिकृत | महिना | १२ | १५,००० | १८०,००० |
| ग | मधेसी दलित एक्टिभीष्ट | महिना | ९६ | ५,००० | ४८०,००० |
| घ | सञ्चार | महिना | १२ | २,००० | २४,००० |
| ङ. | यातायात खर्च | महिना | १२ | ३,०००० | ३६,००० |
| च | कार्यालय भाडा | महिना | १० | ८,००० | ८०,००० |
| | **जम्मा रकम** | | | | **१,०००,०००** |
| | **कुल जम्मा बजेट** | | | | **५,०००,०००** |

## १०. निष्कर्षः

नेपालको संविधान जारी भएपछिको भएका तीनवटै तहका निर्वाचनमार्फत बनेका सरकारहरुले आफूले गरेका बाचा पूरा गर्न आफ्नो पहिलो नीति तथा कार्यक्रम र वजेट समेत सार्वजनिक गरि कार्यान्वयन समेत गरिसकेका छन । अब स्थानिय र प्रदेश सरकारको अर्जुनदृष्टि नेपालको संविधानको जगमा नयाँ कानूनहरु बनाउने र त्यसको आधारमा सामाजिक न्यायसहितको समृद्ध नेपालको खाका तयार गर्ने रहेको देखिन्छ । मधेसी दलितहरुको आर्थिक तथा सामाजिक रुपान्तरणका लागि प्रदेश सरकारको अहम भूमिका रहेकोले सामाजिक मन्त्रालयले यस्ता कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने अपरिहार्यता देखिएको छ ।